(Notice No. : RPLPBA/2081/082)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)

**बागमती प्रदेश कार्यालय, हेटौंडा, मकवानपुर**

# सीप परीक्षणको आवेदन आव्हान सम्बन्धी सूचना !!

**सूचना प्रकाशित मिति : २०८१/०९/१४**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय/नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो (NVQS-P II) तथा चितवन जिल्लाको माडी नगरपालिका, मकवानपुर जिल्लाको इन्द्रसरोवर, भीमफेदी र कैलाश गाउँपालिका, सिन्धुली जिल्लाको मरिण र हरिहरपुरगढी गाउँपालिका, धादिङ् जिल्लाको गजुरी गाउँपालिकाको तर्फबाट **पूर्व सिकाईको मान्यता** (Recognition of Prior Learning-RPL) विधिद्वारा सहुलियत शुल्कमा सञ्चालन हुने **एकाईगत दक्षता** (Unit-Based Competency) को **सीप परीक्षण** (परामर्श तथा सीप परीक्षण) मा सहभागी हुन चाहने **स्वदेश वा वैदेशिक रोजगारीको अनुभव** प्राप्त नेपाली नागरिकहरूबाट आफूलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रहरु मध्ये कुनै एक केन्द्रमा आवेदन फाराम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिल:

**क) फाराम सङ्कलन केन्द्र, परीक्षण हुने व्यवसाय र तह:**

| क्र. स. | आवेदन फाराम सङ्कलन/ सीप परीक्षण केन्द्रहरू | सम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | CTEVT बागमती प्रदेश कार्यालय र सामाजिक विकास मन्त्रालय, हेटौडा, मकवानपुर | ०५७-५२४९९१<br>९८५५३४९९११<br>९८६७९९३९७५<br>०५७-५९००१७ | टाईल एण्ड मार्वल फिक्सर | १ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिङ्ग पेन्टर | २ |
| | | | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| | | | वेल्डर | २ |
| | | | रेफ्रीजेरेसन एण्ड एयरकन्डिसन मेकानिक | २ |
| | | | सेल/मोबाइल फोन रिपेयर टेक्निसियन | २ |
| २. | नेपाल पोलिटेक्निक इन्स्टिच्यूट, भरतपुर, ओरालो, चितवन | ०५६-४२१२६१,<br>९८५५०६०७६९ | टाईल एण्ड मार्वल फिक्सर | १ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिङ्ग पेन्टर | २ |
| | | | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| | | | सेल/मोबाइल फोन रिपेयर टेक्निसियन | २ |

CTEVT Bagmati Province

| | | | | |
|---|---|---|---|---|
| ३. | दिवाकर स्मृति बहुप्राविधिक शिक्षालय, माडी, चितवन | ९८५५०३९१२३<br>९८५५०३९१२२ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| ४. | नेपाल भारत बहुप्राविधिक शिक्षालय, हेटौडा, मकवानपुर | ९८५५०४२८३३ | वेल्डर | २ |
| ५. | हाम्रो प्रशिक्षण सेवा तालीम केन्द्र जेभि सुर्यमणी प्राविधिक शिक्षालय, हेटौडा, मकवानपुर | ०५७-५२४८५१<br>०५७-५२४८५२<br>९८५५०३६२९१ | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिंग पेन्टर | २ |
| ६. | बालाजु स्कूल अफ इन्जीनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाडौँ | ०१-४३५०२१४<br>९८५१३४५७९७<br>९८४१४७९९४५ | प्लम्बर | २ |
| | | | रेफ्रीजेरेसन एण्ड एयरकन्डिसन मेकानिक | २ |
| ७. | पिस प्राविधिक तालीम इन्स्टिच्युट, बालकुमारी, ललितपुर | ०१-५२००८४३<br>९८५१००८०३८ | वेल्डर | २ |
| ८. | निलकण्ठ बहुप्राविधिक शिक्षालय, धादिङ्गबेसी, धादिङ्ग | ०१०-५९०११६<br>९८४९०५०३९८<br>९८५१३३९७५७ | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| ९. | सिन्धुली सामुदायिक प्राविधिक शिक्षालय, कमलामाई, सिन्धुली | ९८४४०८२५५५<br>९८५४०४०८१८<br>९८५४०४१४२४ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| १०. | नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा, काभ्रेप्लान्चोक | ९८५१२१२६२५ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |

**ख) आवेदनको लागि न्यूनतम योग्यता:**

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको |
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको<br>**वा**<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव भएको |

**ग) आवेदन तथा दर्ता शुल्क: रु.२७० (आवेदकले व्यहोर्ने)**

**घ) सीप परीक्षणमा सहभागीले आवेदन फाराम भर्दा पालना गर्नु पर्ने शर्तहरू:**

१) यस सूचना तथा आवेदन फाराम सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको वेवसाइट https://mosd.bagamati.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) बागमती प्रदेश कार्यालयको वेवसाइट https://ctevtbagmati.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२) आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०८१/१०/१३ गते भित्र बुझाउनु पर्नेछ। आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट सम्म बुझाउन सकिनेछ ।

CTEVT Bagmati Province

३) आवेदन फारामको साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार वा अर्ध-सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त नीजि रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा /व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४) स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारिस पत्र पेश गर्न सक्नेछन् ।

५) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभव पत्र (अङ्ग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६) कुनै पनि पेशा तहमा स्वीकृत आवेदन सङ्ख्या पाँच (५) भन्दा कम भएमा सो पेशा/तहको सीप परीक्षण संचालन गरिने छैन ।

७) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारामहरू स्वतः रद्द हुनेछन् ।

८) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत गराइने छ । सीप परीक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्रवेश पत्र प्राप्त गर्न सकिनेछ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ ।

९) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

१०) यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ । यसरी दोहोऱ्याएर सीप परीक्षण दिनेहरूले आवेदन फारामको माथि पुनः परीक्षण भन्ने कोठामा चिन्ह लगाउनु पर्ने छ ।

११) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन् ।

१२) तहगत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाईहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाईको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन् ।

१३) सीप परीक्षण आवेदन फाराम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा आवश्यक कागजात पुगेको रुजु गरी आवेदन फाराम भर्ने अन्तिम मितिबाट पांच (०५) दिन भित्र Online System बन्द हुने भएकाले उक्त अवधि भित्र अनलाइन फाराम इन्ट्री गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम रुजु भई सके पछि इन्ट्री वापत प्रति फाराम रु. ७०/– का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् बागमती प्रदेशको नाममा रहेको राष्ट्रिय बाणिज्य बैक लि., शाखा कार्यालय हेटौडा च. हि. खाता नं. १३००१००००३६६८००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१४) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

**थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् बागमती प्रदेशको सम्पर्क नम्बर ९८५५०३४९९१, ०५७-५२४९९१ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०५७-५९००१७ मा सम्पर्क गर्न सकिने छ ।**

**निर्देशक**

CTEVT Bagmati Province